जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १११ २०७८ साल मंसिर १० गते शुक्रबार (26 Nov. 2021 Friday) मूल्य रु. ५/-

हिंसामुक्त घर, सुखी परिवार
समृद्ध समाजको बलियो आधार ।
नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : जलवायु अनुकूलन कार्यक्र.. ३ पृष्ठमा : कांग्रेसको ३२ जिल्ला अधिवेशन. ३ पृष्ठमा : कोभिड महामारीका कारण ...

# अनुगमन पूर्व जागरुक अभियान चलाउनु पर्नेमा जोड




**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरीका उद्योगि व्यवसायीहरुले अनुगमन पूर्व जागरुक अभियान चलाउनु पर्नेमा जोड दिएका छन् ।

सातौं औं उद्योग दिवस २०७८ को अवसर घरेलु तथा साना उद्योग कार्यालयले बिहीबार राजविराजस्थित उद्योग बाणिज्य संघको सभाकक्षमा आयोजना गरेको कार्यक्रममा सहभागि उद्योगि व्यवसायीहरुले सो कुरामा जोड दिएका हुन् ।

आवश्यक जानकारी र ज्ञानको अभावमा बजार अनुमगनको क्रममा उद्योगि व्यवसायीहरुले अनावश्यक दुःख व्यहोर्नु परिरहेको उनीहरुको भनाई छ ।

कार्यक्रममा उद्योग बाणिज्य संघका नवनिर्वाचित अध्यक्ष लालुप्रसाद अग्रवालले यहाँका ८० प्रतिशत व्यापारी स-साना र मझौलाखालका रहेकाले त्यसमध्ये अधिकांशलाई नयाँ कर प्रणाली, पसल र उद्योग दर्ता नविकरण, ढक तराजुको नविकरण आदि लगायतका प्रक्रिया बारे खासै जानकारी नभएकोले उनीहरुलाई अनुमगन पूर्व जागरुक अभियन आवश्यक रहेको बताए ।

अध्यक्ष अग्रवालले यस्ता समस्याको निराकरण गर्न स्थानिय प्रशासन, सरोकारवाला र उद्योग बाणिज्य संघको संयुक्त पहलमा अनुमगन पूर्व व्यवसायीहरुमा सचेतना फैलाउन जागरुक अभियान चलाउनु पर्नेमा जोड दिए ।

संघका नवनिर्वाचित महासचिव अमृत संचेतीले बजारमा अनुगमन टोली पुग्दा आवश्यक ज्ञानको अभावमा त्रसित भई केही पसलेहरु सटर बन्द गरि हिड्ने गरेकोले यस्तो अवस्था आउन नदिन उनीहरुलाई आवश्यक तालिम र ज्ञान दिई जागरुक बनाउनु पर्नेमा जोड दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा बिहीबार भएको दुर्घटनामा बसको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाईकल चालक सिन्धुली जिल्लाको दुधौली नगरपालिका वडा नं ७ बस्ने ४० वर्षिय कुमार बस्नेत रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

ठक्करबाट गम्भिर घाइते भएको बस्नेतलाई उपचारका लागी लहानस्थित सप्तऋृषी अस्पताल लगिएकोमा सोही अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

सो नगरपालिका वडा नं ५ कुशहास्थित पुर्व पश्चिम राजमार्गमा पश्चिमबाट पुर्व तर्फ जादै गरेको ना.३ख. ३१४९ नम्बरको बसले सोही दिशातर्फ जादै गरेको प्रदेश २-०१-००१ प ०२९१ नं.को मोटरसाईकललाई ठक्कर दिएको हो ।

यता बस चालक फरार रहेकोले खोजबिन भइरहेको तथा बस र मोटरसाईकल ईलाका प्रहरी कार्यालय कडरवोनाको नियन्त्रणमा रहेको जनाइएको छ ।

# जसपाले सांसद प्रदीप यादवलाई गऱ्यो कारवाही

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

जनता समाजवादी पार्टी नेपालले आफ्ना सांसद प्रदीप यादवलाई केन्द्रीय सदस्यबाट हटाएको छ । बुधबार सम्पन्न जसपाको बैठकले यादवलाई तत्कालका लागि केन्द्रीय सदस्यबाट हटाउने निर्णय गरेको हो ।

केही दिन अघि मन्त्री नबनाएको भन्दै यादव निकट नेता कार्यकर्ताले बिरगंजमा पार्टी अध्यक्षविरुद्ध नाराबाजी गर्नुका साथै पुत्ला जलाएका थिए ।

यस्तै पार्टीको झण्डा जलाउन संलग्न रहेको आरोप समेत उनमाथी लगाइएको छ । यद्पी सांसद यादवले सो आरोप अस्वीकार गरेका छन् ।



## सूचना । सूचना ॥ सूचना ॥।

यस ट्रेडर्सद्वारा पैठारी गरि बिक्रि बितरण गरिने DAIKIN INDIA, भारत ब्राण्डको अधिकतम खुदरा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| SN | Products | Model Number | MRP |
|---|---|---|---|
| 1 | Wall Mount1.5 TR | FTHT50TV16U | 84000 |
| 2 | Out Door Unit | RXYQ16ARY6 | 545000 |
| 3 | Out Door Unit | RXYQ12ARY6 | 405000 |
| 4 | Out Door Unit | RXYQ10ARY6 | 408000 |
| 5 | Ceiling Cassatte IDU | FXFSQ25ARV16 | 32000 |
| 6 | Ceiling Cassatte IDU | FXFSQ32ARV16 | 33000 |
| 7 | Ceiling Cassatte Panel | BYCQ125EAF6 | 11500 |
| 8 | Ductable IDU | FXDQ32NDV36 | 45000 |
| 9 | Ductable IDU | FXMQ80ARV16 | 55000 |
| 10 | TFA IDU Ductable | FXMQ125NFRV16 | 155000 |
| 11 | Refnet | KHRP26A22 T6 | 6000 |
| 12 | Refnet | KHRP26A33 T6 | 6000 |
| 13 | Remote Controller | BRC1C62-9 | 2000 |
| 14 | Receiver Kit | BRC7M632F-6 | 3100 |
| 15 | Remote Controller VRV | BRC4M150W16 | 2000 |
| 16 | Wall Mount IDU | FXAQ32ARVE6 | 32000 |
| 17 | Wall Mount IDU | FXAQ63ARVE6 | 39000 |
| 18 | TFA IDU Ductable | FXMQ200NFRV16 | 210000 |
| 19 | Wall Mount Only Cooling | FTQ60TV16U2 | 84000 |
| 20 | Refnet | KHRP26A72 T6 | 6000 |

**OM MANGAL BINAYAK TRADERS**
**NEW ROAD, KATHMANDU**





अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

# हुलाकी सडक निर्माणमा कीन ढिलाई !

बहुप्रतिक्षित मधेशको लाइफ लाइने मानिने हुलाकी सडक खण्डको निर्माण कार्य सुस्त गतिमा भइरहेको छ । विगत चार वर्षदेखी सप्तरी सडक खण्डमा पर्ने हुलाकी राजमार्गको काम सुस्त गतिमा भइरहेको हो । समयमै ती विकास निर्माणका कार्य सम्पन्न हुन नसक्दा स्थानियहरुले सास्ती व्होर्नु परिरहेको छ । जिल्लाको मात्र नभएर समस्त तराई मधेशको विकास तथा राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइएको हुलाकी राजर्मागमा विगत चार वर्षदेखी कार्य भइरहेको छ । तर, अधिकांश स्थानको सडकहरु बेहाल अवस्थामा रहेको छ । हाल मात्रै सो सडक खण्डको राजविराजमा कार्य भइरहेको छ ।

कतिपय स्थानमा सडक खण्डको कार्य सम्पन्न हुँदा पनि अधिकांश स्थानमा कार्य अधुरै रहेको हुँदा ती कार्य सम्पन्न हुनजेल पहिला निर्माण भएका सडक जिर्ण हुन सक्ने सम्भावना पनि बढेर गएको छ । एकैसाथ काम सम्पन्न नहुनुले सबै सडक एकैनासे नहुनेमा दुईमत छैन् । यसरी कुनै पनि कार्य गर्दा समयमै सम्पन्न गर्ने परिपाटी बसाल्नु पर्छ । तर, यस्ता कार्यलाई सरकारीस्तरबाट समेत निगरानी हुन नसक्दा जनताले सास्ती व्होर्नु परेको अवस्था छ ।

तसर्थ कुनै पनि आयोजनालाई समयमै सम्पन्न गर्नेतर्फ सम्बन्धीत निकायका साथै स्थानिय स्तरबाट पनि जनदबाब हुनु आवश्यक छ । यसका लागि सम्बन्धीत निकायले पनि गम्भिरतापूर्वक लिनु उत्तिकै जरुरी छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# जलवायु अनुकूलन कार्यका लागि ३१ अर्ब ९२ करोड सहयोगको घोषणा

काठमाडौँ, ९ मङ्सिर (रासस) ।

नेपालमा जलवायु अनुकूलन कार्य सञ्चालन तथा त्यसको प्रभाव नियन्त्रणमा सघाउन रु ३१ अर्ब ९२ करोड सहयोग उपलब्ध गराउने घोषणाका साथ नेपाल-युरोपेली सङ्घ संयुक्त आयोगको १३औँ बैठक सम्पन्न भएको छ ।

बुधबार यहाँ सम्पन्न संयुक्त आयोगको बैठकमा हरित पुनरुत्थान कार्यक्रमअन्तर्गत युरोप समूह प्रयास (टिम युरोप इनिसिएटभ)मार्फत फिनल्यान्ड, फ्रान्स र जर्मनीले उक्त रकम उपलब्ध गराउने घोषणा गरेका हुन् । यद्यपि उक्त सहयोगको विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन ।

हालै स्कटल्याण्डको ग्लास्गोमा सम्पन्न जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सम्मेलनमा नेपालले व्यक्त गरेका प्रतिबद्धता पूरा गर्ने दिशामा मद्दत गर्न तथा नेपाललाई सन् २०४५ सम्ममा शून्य कार्बनको स्थितिमा पुऱ्याउने महत्वाकाङ्क्षी दीर्घकालीन रणनीति कार्यान्वयनमा उक्त रकम उपयोग हुने बैठकमा सहभागी वन तथा वातावरण मन्त्रालयका एक अधिकारीले राससलाई बताए ।

नेपालले आफ्ना हवाई सेवा प्रदायक कम्पनीमाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्न युरोपेली सङ्घलाई गरेको अनुरोधको प्रत्युत्तरमा उसले नेपाल नागरिक उड्डयन प्राधिकरणले गरेको सकारात्मक विकास र प्रयासको सराहना गर्दै आवश्यक कानुन बनेपछि त्यस दिशामा सकारात्मक कदम चालिने आश्वासन दिएको छ । सङ्घले नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियमनकारी दुई बेग्लै निकाय बनाउनुपर्नेमा जोड दिँदै आएको छ । बैठकमा नेपालले हवाई सुरक्षा सुधारका लागि भएका प्रयास तथा प्रस्तावित नयाँ उड्डयन कानूनबारे जानकारी दिएको थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सेवा प्रदायक र नियमनकारी दुई बेग्लै निकायका रुपमा स्थापित गर्न सरकारले विधेयक संसद्मा प्रस्तुत गरेको लामो समय भइसकेको छ । हवाई सुरक्षा सुधारका निम्ति सङ्घबाट प्राप्त सहयोगप्रति आभार प्रकट गर्दै नेपालले महामारीपछिको आर्थिक पुनरुत्थानमा टेवा पुऱ्याउने पर्यटन क्षेत्रलाई पुनर्जीवन दिन उडान प्रतिबन्ध हट्नुपर्नेमा विशेष जोड दिएको ती अधिकारीले बताए ।

नेपालले दिगो पर्यटन, स्वच्छ ऊर्जा, दिगो वन व्यवस्थापन, जलवायु-उत्थानशील कृषि, जैविक विविधता संरक्षण, पर्यावरणमैत्री यातायात, दिगो शहरीकरण तथा देशको आर्थिक पुनरुत्थानलाई योगदान गर्ने जलवायु मैत्री विकास पहल प्रस्तुत गरेको र त्यसमा सघाउने प्रतिबद्धता सङ्घले व्यक्त गरेको बुधबार राति जारी गरिएको संयुक्त प्रेस विज्ञप्तिमा जनाइएको छ ।

नेपाल सरकारको जलवायु मैत्री विकास प्रयासबाट सीप तालिम र शिक्षाको माध्यमबाट महिला र पिछडिएका समुदायहरूलाई सशक्तिकरण गर्ने सामाजिक समावेशीकरणमा पनि ध्यान दिइने वास्तविकता सुस्पष्ट रुपमा नेपालीपक्षले बैठकमा प्रस्तुत गरेको थियो ।

सन् २०२१ देखि २०२७ सम्मको बहुवर्षीय वित्तीय ढाँचामा सङ्घले गर्ने विकास सहायतालाई यथाशीघ्र अन्तिम रूप दिने तथा समावेशी, हरित वृद्धि, मानव पूँजी विकास र सुशासन प्रवर्द्धनमा सङ्घले विशेष जोड दिँदै सन् २०२६ सम्ममा नेपाललाई अल्पविकसित देशबाट मध्यम आययुक्त मुलुकमा रुपान्तरण गर्ने नेपालको योजनको स्वागत गरेको छ । साथै उसले नेपालको हरित, लचिलो समावेशी विकासप्रति प्रतिबद्धता व्यक्त गर्दै नेपालको विकासका आकाङ्क्षाहरू पूरा गर्न सबै सम्भव सहयोग गर्न तयार बताएको छ ।

बैठकमा दुवै पक्षले द्विपक्षीय व्यापार सम्बन्धबारे गहन विचार आदानप्रदान गर्दै अल्पविकसित राष्ट्रबाट स्तरोन्नत भइ मध्यम आययुक्त मुलुकमा रुपान्तरण हुने नेपालको राष्ट्रिय अभिलाषालाई दृष्टिगत गरी त्यससम्बन्धी प्रक्रियामा सक्दो सहयोग गर्ने प्रतिबद्धता सङ्घले दोहोऱ्याएको छ । संयुक्त आयोगले नेपालमा युरोपेली लगानी बैंकको ऋण प्रवाह एवं अन्य सहयोगको स्वागत गर्दै आगामी वर्षहरूमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका साथै सुधारिएको सम्पर्क सञ्जाल र नवीकरणीय ऊर्जामा केन्द्रित हुनुपर्नेमा सङ्घले जोड दिएको छ ।

न्यून र मध्यम आय भएका देशका लागि कोभिड महामारीपछिका पुनरुत्थान गतिविधिमा भरथेग गर्न समूह २० अर्थात् जी ट्वेन्टी को वित्तीय सहयोग संयन्त्रको विस्तार हुनुपर्नेमा दुवै पक्षले सहमति जनउँदै महामारीका कारण लाभग्राही देशहरूमा जारी वित्तीय समस्यालाई दृष्टिगत गरी उक्त संयन्त्रमार्फत सहयोग परिचालन द्रुत गतिमा कार्यान्वयन गर्ने विषयलाई प्राथमिकताका साथ अघि बढाउन आह्वान गरेका छन् ।

दुवै पक्षले प्रभावकारी बहुपक्षीय सहयोग, विश्व स्वास्थ्य सङ्गठनलाई सुदृढ पार्ने र भविष्यका महामारीसँग जुध्न विश्वव्यापी क्षमतालाई बलियो बनाउनेमा जोड दिँदै खोपहरू सार्वजनिक उपभोगका वस्तु भएकाले तिनमा समान पहुँच सुनिश्चित गर्न आवश्यक भएकामा मतैक्यता प्रकट गरेका छन् ।

युरोपेली सङ्घ र नेपालबीच दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास ( बिम्स्टेक) मा क्षेत्रीय सहयोगको महत्वबारे दुवै पक्षबीच विचार आदानप्रदान भएको थियो भने नेपाल र सङ्घले जलवायु परिवर्तन, मानवअधिकार, बहुपक्षीयता र सम्पर्क सञ्जाल विस्तारजस्ता विश्वव्यापी र क्षेत्रीय मुद्दाहरूमा सहयोग एवम् सहकार्यलाई थप सुदृढ गर्ने सहमति भएको छ ।

बैठकमा दुवै पक्षले लोकतान्त्रिक मूल्यमान्यता, विधिको शासन, सुशासन र मौलिक स्वतन्त्रताका साथै मानवअधिकारको प्रवर्द्धन र संरक्षणका लागि आफ्नो प्रतिबद्धता दोहोऱ्याएका थिए । गत वर्ष संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा नेपालको पुनःनिर्वाचन प्रक्रियामा सङ्घले सहयोग गरेकामा नेपालले उसलाई धन्यवाद दिएको थियोभने यो वर्षको सुरुमा आफ्नो विश्वव्यापी आवधिक समीक्षालाई सफलतापूर्वक सम्पन्न गरेकामा सङ्घले नेपालप्रति हार्दिक बधाई ज्ञापन गरेको थियो । आवधिक समीक्षाका क्रममा प्राप्त भएका उल्लेखनीय सङ्ख्याका सिफारिस स्वीकार गरेकामा नेपालको प्रशंसा भएको थियो । दुवै पक्षले मानवअधिकारको प्रवर्द्धन र संरक्षणका लागि नियमित वार्ता गर्न सहमति पनि जनाएका छन् । बैठकमा संयुक्त राष्ट्रसङ्घको ७६औँ महासभामा परराष्ट्रमन्त्री डा नारायण खड्काले व्यक्त गरेको सङ्क्रमणकालीन न्यायप्रतिको प्रतिबद्धतालाई सङ्घले स्वागत गरेको थियो ।

नेपाल र सङ्घले प्रभावकारी बहुपक्षीयता र नियममा आधारित विश्व व्यवस्थालाई समर्थन गर्दै संयुक्त राष्ट्रसङ्घ, विश्व व्यापार सङ्गठन र अन्य अन्तर्राष्ट्रिय मञ्चहरूमा मिलेर काम गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याए छन् भने उनीहरूले हालै ग्लासगोमा सम्पन्न जलवायु सम्मेलनका सिफारिसलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । जलवायु परिवर्तनका प्रतिकूल प्रभावविरुद्ध लड्न कम स्रोतसाधन भएका देशहरूलाई सहयोग गर्ने आर्थिक प्रतिबद्धता पूरा गर्ने र जलवायु कार्यका लागि बलियो कदम चाल्ने विषयमा पनि दुवै पक्षबीच सहमति भएको छ ।

सङ्घले नेपालको सामाजिक-राजनीतिक रूपान्तरणमा हासिल गरेका उपलब्धिहरूको प्रशंसा गर्दै प्रजातन्त्र र सुशासनको सुदृढीकरणका लागि नागरिक समाज र सञ्चारमाध्यमको महत्वपूर्ण भूमिकामा जोड दिएको थियो भने उसले नेपाललाई राजनीतिक जीवन र नेपालको निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउन प्रोत्साहन गरेको थियो ।

बैठकमा कोभिड-१९ महामारी र महामारीपछिको पुनःप्राप्तिमा सहयोग, यो वर्षको ग्रीष्म ऋतुमा महामारीको विनाशकारी दोस्रो लहरसँग सङ्घर्ष गरिरहेको बेला जीवन बचाउने चिकित्सा सामग्री र उपकरणहरूको लागि तत्काल सहयोग पुऱ्याएकामा नेपालले युरोपेली सङ्घप्रति कृतज्ञता व्यक्त गरेको थियो भने कोभ्याक्स सुविधाको लागि सङ्घको महत्वपूर्ण योगदानका लागि कृतज्ञता व्यक्त गरेको थियो ।

बैठकमा नेपालले आगामी चैतसम्ममा योग्य सबै नागरिकलाई कोरोनाविरुद्ध खोप लगाउने योजनाबारे बताउँदै कोभिडण-१९ लाई नियन्त्रण गर्न सरकारले गरिरहेको प्रयासबारे जानकारी पनि गराएको थियो । नेपालले भूकम्पपछिको लचिलो पुनर्निर्माण र पुनःस्थापनामा सङ्घको उदार सहयोगलाई स्वीकार गर्दै विपद् जोखिम न्यूनीकरण र हरित विकासमा गरेको साझेदारीप्रति आभार व्यक्त गरेको थियो ।

त्यसैगरी जनता-जनताबीचको सम्पर्क, सङ्घ र नेपालबीच उच्च शिक्षामा जारी सहकार्यबारे बैठकमा छलफल हुनाका साथै साझेदारीका थप क्षेत्र पहिल्याउनेमा पनि जोड दिइएको थियो । इरास्मस मुन्डस संयुक्त स्नातकोत्तर कार्यक्रम प्रारम्भ भएयता ८०० नेपाली विद्यार्थीले युरोपेली विश्वविद्यालयहरूमा अध्ययन गर्ने अवसर पाएका छन् । उक्त कार्यक्रमबाट लाभ लिने मुलुकमा नेपाल विश्वका शीर्ष २० देशमा परेको छ ।

बैठकको सहअध्यक्षता परराष्ट्र सचिव भरतराज पौड्याल र युरोपेली बाह्य मामिला सेवाका एसिया तथा प्रशान्त क्षेत्रका लागि नायब निर्देशक पाओला पाम्पालोनीले गर्नुभएको थियो । संयुक्त आयोगको १४ औं बैठक आगामी वर्ष ब्रसेल्समा हुनेछ ।

सन् १९९६ मा स्थापना भएको नेपाल-सङ्घ संयुक्त आयोग नेपाल र युरोपेली सङ्घबीचको साझेदारीलाई अझ प्रगाढ बनाउन तथा आपसी सहयोगलाई गति प्रदान गर्ने उपयुक्त मञ्च साबित मात्र भएको छैन सङ्घमा आबद्ध २७ देशसँग पारस्परिक सहकार्य र साझेदारीलाई थप सुदृढ तुल्याउने प्रभावकारी माध्यम बनेको छ ।

# हनुमाननगरमा सार्वजनिक सुनुवाई सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

नेपाल लाइव स्टाक सेक्टर इनोवेशन आयोजन र संजीवनी कृषि तथा पशुपंछिपालन कृषक समूहको सम्झौता बमोजिम बाखा पालन कार्यका लागि विहीबर सर्बजनिक सुनुवाई सम्पन्न भएको छ ।

सप्तरीको हनुमानगर कंकालिनी नगरपालिका वडा नं. ५ मा उक्त सार्वजनिक सुनुवाई सम्पन्न भएको हो ।

समारोह माँ समूहका सचिव दीपेंद्र साहले कुल लागत रु ६० लाख ४० हजार ७२९ मध्य बितिय संस्थाबाट लिने ऋण रकम २८ लाख र अनुदान ग्राही लगानी रकम रु दुई लाख २० हजार ३६४ र आयोजनाले उपलब्ध गराउने अनुदान रकम ३० लाख २० हजार ३६५ रहने भनि जनकारी गराए ।

उक्त कार्यक्रममा माँ भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केंन्द्रका प्रमुख डा. प्रभात झाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा विशिष्ठ अतिथिको रुपमा हनुमाननगर कंकालनी न.पा. वार्ड न.५ को वार्ड सदस्य बलदेव मुखिया, ज.स.पा. प्रतिनिधी दिप नरायण.साह, नेपाली कांग्रेस प्रतिनिधि राजेन्द्र मंडल, ने.के.पा. एमाले प्रतिनिधि बुद्धिमान श्रेष्ठ, स्थानिया युवा अगुवा श्याम मंडल तथा संगम बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष प्रेम नारायम यादव लगायत रहेको थियो ।

# कांग्रेसको ३२ जिल्ला अधिवेशन सम्पन्न

काठमाडौँ, ९ मङ्सिर (रासस)।

नेपाली कांग्रेसले आसन्न १४औँ महाधिवेशनअन्तर्गत बिहीबारसम्म ३२ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न गरेको छ। बाँकी जिल्लामा पूर्व निर्धारित कार्यतालिकाअनुसार शुक्रबारदेखि जिल्ला अधिवेशन प्रारम्भ हुने कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका ३५ जिल्लामध्ये रसुवाबाहेक सबैमा पार्टीको जिल्ला अधिवेशन भएको र परिणाम आउने क्रममा रहेको समितिका सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिनुभयो।

यसैगरी १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमध्ये हाल १२२ निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन भएको र बाँकीमा अधिवेशन हुने क्रममा रहेको उहाँले बताउनुभयो।

अधिवेशन प्रारम्भ भएका जिल्लामा मतदान भई परिणाम प्राप्त भइरहेको, मनोनयन गरी मतदान भइरहेको, सर्वसम्मतिको प्रयास भइरहेको छ। प्रतिनिधिसभा क्षेत्रीय अधिवेशनबाट पार्टीको केन्द्रीय नेतृत्व चयन गर्ने महाधिवेशन प्रतिनिधि निर्वाचित हुन्छन्। हालको विधानअनुसार प्रत्येक निर्वाचन क्षेत्रबाट कम्तीमा २५ जना र बढीमा २७ जनाका दरले महाधिवेशन प्रतिनिधि चयन हुने व्यवस्था छ।

हाल प्रारम्भ भइसकेका १२२ निर्वाचन क्षेत्रबाट तीन हजार बढी महाधिवेशन प्रतिनिधि चयन भइसकेका छन्।

चौधौँ महाधिवेशनका लागि गत भदौ १८ गतेदेखि वडास्तरीय अधिवेशन प्रारम्भ गरेको कांग्रेसले त्यसयता अधिकांश जिल्लामा पालिकास्तरको अधिवेशन र प्रदेशसभा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको छ।

कांग्रेसको पछिल्लो संशोधित अधिवेशन कार्यतालिकाअनुसार प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय अधिवेशन/एक क्षेत्रमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन मङ्सिर ६ गते लागि निर्धारण गरिएको थियो।

यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशन मङ्सिर १० गते शुक्रबार हुदैछ भने प्रदेश अधिवेशन मङ्सिर १६ र १७ गते गर्ने कार्यतालिका छ। कांग्रेसको १४औँ महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा हुनेछ। क्रियाशील सदस्यताको विवादका कारण ढिलाइ भएको एकमात्र जिल्ला सर्लाहीमा भने शुक्रबार वडा अधिवेशन प्रारम्भ हुन लागेको छ।

# सरकार विपन्न वर्गका लागि सुरक्षित आवास निर्माण गर्ने तयारीमा : मन्त्री झाँक्री

काठमाडौँ, ९ मङ्सिर (रासस)।

सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले विपन्न र पछाडि परेका वर्गका लागि सरकार सुरक्षित आवास निर्माण गर्न लागिपरेको बताउनुभएको छ। सहरी विकास मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र एसिया सेल्टर फोरमले संयुक्त रूपमा बिहीबार आयोजना गरेको वार्षिक सम्मेलन कार्यक्रममा उहाँले संविधानमा मौलिक हकका रूपमा रहेको आवासको हक कार्यान्वयन गरिने उल्लेख गर्नुभयो।

नेपालमा बर्सेनि बाढीपहिरो, डुबान, भूकम्पलगायतका कारणले धेरै नागरिक घरबारविहीन हुनुपरेको मन्त्री झाँक्रीले बताउनुभयो। उहाँले भन्नुभयो, "विपद्का कारण घरबारविहीन बनेका र विभिन्न जिल्लामा रहेका विपन्न वर्गको आवास निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालनमा छन्।"

सरकारले आवधिक विकास योजना र अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिवद्धताका आधारमा नागरिकलाई आवासको व्यवस्थापन गरिरहेको मन्त्री झाँक्रीको भनाइ छ। प्रदेश सरकारसँगको सहकार्यमा जनता आवास कार्यक्रममार्फत विभिन्न जिल्लामा आवास निर्माणमा नागरिकलाई सहयोग गरिरहेको उहाँले उल्लेख गर्नुभयो। "आवास निर्माण गर्ने अवस्था नभएका नागरिकका लागि घर बनाइरहेका छौँ", उहाँले भन्नुभयो।

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले भूकम्पपछिको पुनःनिर्माणको काम अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। बाँकी काम विभिन्न मन्त्रालयको जिम्मा लगाइएको उहाँको भनाइ छ। स्थानीयस्तरमा भएका सामग्रीको प्रयोग गरेर ग्रामीण क्षेत्रमा आवास निर्माण गर्दै आएको ज्ञवालीले बताउनुभयो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अनिल पोखरेलले विपद्पछि पुनःनिर्माणका लागि विभिन्न देशबाट सहयोग प्राप्त भएको सो अवसरमा जानकारी दिनुभयो।

# बैंकिङ प्रणालीमा रु २० अर्ब प्रवाह हुँदै

काठमाडौँ, ९ मङ्सिर (रासस)।

नेपाल राष्ट्र बैंकले बिहीबार रु २० अर्बको १४ दिन अवधिको रिपो जारी गर्ने भएको छ। बैंकले यही मङ्सिर २३ गते परिपक्व हुने रिपो बोलकबोल माध्यमबाट बैंकिङ प्रणालीमा प्रवाह गर्न लागेको हो।

बजारमा लगानीयोग्य रकमको अभाव रहेकाले तरलता व्यवस्थापनका निम्ति केन्द्रीय बैंकले केही समयअघिदेखि निरन्तर रिपो जारी गर्दै आएको छ। बैंकले यसअघि गत कात्तिक २५ मा रु २० अर्बको रिपो जारी गरेको थियो। बोलकबोलमा इजाजतप्राप्त क, ख र ग वर्गका स्वीकृतप्राप्त बैंक तथा वित्तीय संस्थाले भाग लिन पाउने केन्द्रीय बैंकले जनाएको छ।

प्रणालीमा देखिएको तरलता अभावले बैंक तथा वित्तीय संस्थाको कर्जा तथा निक्षेप लगानीमा चाप परेको देखिन्छ। केन्द्रीय बैंकको पछिल्लो विवरणानुसार औषत कर्जा निक्षेप अनुपात ९० दशमलव ३१ प्रतिशत पुगेको छ। राष्ट्र बैंकले गरेको बैंकको कर्जा निक्षेप अनुपात ९० प्रतिशत हुनुपर्ने व्यवस्थाअनुरुप यसको व्यवस्थापनमा बैंकहरूलाई कठिन परेको छ। सार्वजनिक विवरणानुसार हालको अवस्थामा बैंकले कर्जा दिनसमेत नसक्ने अवस्था देखिएको छ।

हाल तरलता व्यवस्थापनमा बैंक तथा वित्तीय संस्थाले रिपो, अन्तर बैंक सापटी, अस्थायी तरलता सुविधाजस्ता उपकरणको प्रयोग गर्दै आएका छन्। केन्द्रीय बैंकका अनुसार अन्तरबैंक सापटीको दर चार दशमलव ९६ प्रतिशत पुगेको छ। त्यस्तै चालु आवमा बुधबारसम्म बैंक तथा वित्तीय संस्थाले रु १७ खर्ब ५९ अर्ब ९२ करोड ८५ लाख अस्थायी तरलता सुविधाको प्रयोग गरेका छन्। बैंक तथा वित्तीय संस्थाले यस्ता उपकरणको निरन्तर प्रयोग गरे पनि तरलता व्यवस्थापन भने सहज हुनसकेको छैन।

# निर्वाचन आयोगद्वारा दलको आय र व्ययको लेखा राख्ने ढाँचा स्वीकृत

काठमाडौँ, ९ मङ्सिर (रासस)।

निर्वाचन आयोगले राजनीतिक दलको आय र व्ययको लेखा राख्ने ढाँचा स्वीकृत गरेको छ।

राजनीतिक दलले गर्ने आम्दानी र खर्चलाई विभिन्न शीर्षकमा वगीकरण गरी आम्दानी र खर्चको लेखाङ्कन तथा प्रतिवेदनको लागि आठ वटा फारामको ढाँचा तोकिएको छ।

लेखा राख्नको लागि सम्बन्धित फाराममा नै फाराम भर्ने निर्देशिका समेतको व्यवस्था गरिएको निर्वाचन आयोगका सहसचिव शालीग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४० मा राजनीतिक दलले आफ्नो आय र व्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नुपर्ने उल्लेख छ। दलले राख्ने लेखाको ढाँचा आयोगले तोक्ने व्यवस्था रहेको छ।

सबै राजनीतिक दलहरू तथा सम्बन्धित विज्ञसँग सुझाव सङ्कलन गरी प्राप्त सुझाव समावेश गरी दलको आय र व्ययको लेखाको ढाँचा तोकिएको जानकारी दिइएको छ। उक्त नयाँ व्यवस्थाले राजनीतिक दलको आर्थिक कारोबार व्यवस्थित, पारदर्शी र एकरूपता हुने आयोगले विश्वास लिएको छ।

# नेकपा एमालेको महाधिवेशनमा दुई हजार १७५ प्रतिनिधि सहभागी हुने

काठमाडौँ, ९ मङ्सिर (रासस)।

नेकपा (एमाले)को १०औँ राष्ट्रिय महाधिवेशनमा दुई हजार १७५ प्रतिनिधि सहभागी हुने भएका छन्।

एमालेका प्रचार विभाग उपप्रमुख सूर्य थापाले निर्वाचित र मनोनित गरी दुई हजार १७५ प्रतिनिधि महाधिवेशनमा सहभागी हुने जानकारी दिनुभयो। यसअघि कात्तिक २७ गते देशभरिबाट एक हजार १९९ प्रतिनिधि सहभागीका लागि निर्वाचित भएका थिए।

यही मङ्सिर ७ गते बसेको स्थायी कमिटी बैठकले कूल निर्वाचित प्रतिनिधिको पाँच प्रतिशत प्रतिनिधि मनोनयन गरेको थियो। यसैगरी महाधिवेशनमा १३० पर्यवेक्षक सहभागी हुने भएका छन्। चितवनको भरतपुरमा भोलिदेखि एमालेको महाधिवेशन सुरु हुँदै छ। महाधिवेशनले १५ पदाधिकारीसहित २२५ केन्द्रीय कमिटी तथा लेखा र अनुशासन आयोगमा १५/१५ जना निर्वाचित गर्ने छ।

महाधिवेशनका लागि देशभरिबाट प्रतिनिधि चितवन आउने क्रम जारी रहेको छ। महाधिवेशन मङ्सिर १२ गतेसम्म सञ्चालन हुनेछ।

## विश्व समाचार

### कोभिड महामारीका कारण महिला विरुद्धको हिंसा बढ्यो : राष्ट्रसंघीय प्रतिवेदन

संयुक्त राष्ट्रसंघ, ९ मङ्सिर (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघले हालै गरेको एक अध्ययनमा कोभिड १९ को महामारीका कारण महिला हिंसामा बृद्धि भएको पाइएको छ। विश्वका विभिन्न १३ ओटा देशमा गरेको अध्ययनमा यस महामारीका कारण महिला हिंसाका घटनामा पनि बृद्धि भएको पाइएको हो। विश्वका अरु देशमा पनि यो महामारीका कारण आफ्ना घरमै र बाहिर अर्थात् सार्वजनिक स्थलमा पनि यस्ता घटनामा बृद्धि भएको पाइएको सो उक्त अध्ययनमा देखिएको बताइएको छ। ती १३ देशमा गरेको सर्वेक्षणबाट महिलाहरुले महामारीका कारण घरमै बस्नुपर्दा तथा सार्वजनिक स्थानमा समेत आफूहरुमाथि हिंसा बढेको पाइएको उनीहरुले बताएका थिए। घरेलु हिंसा घरभित्र हुने गरेको र कोरोनाबाट बच्न घरभित्र बस्नु सबैभन्दा ठूलो बचाउ ठानिएको भएपनि वास्तविकता त्यस्तो नरहेको ती महिलाले जनाएका छन्। यो महामारीका कारण विश्वका अधिकांश मुलुकमा लकडाउन गरिएको थियो र बासिन्दाहरुलाई घरभित्रै बस्न भनिएको थियो। तर पनि घरमा बस्नुपर्दाको अवस्थामा पनि महिलामाथिको हिंसा झनै बढ्ने गरेको सो अनुसन्धानबाट पाइएको हो।

सो सर्वेक्षणमा समेटिएका महिलाहरुमध्ये करिब आधाजतिले सार्वजनिक स्थान र घरमा पनि कुनै न कुनै प्रकारको हिंसाको महसुस गरेको बताएका थिए। त्यसैगरी एक चौथाई महिलाले त आफूहरु घरमै असुरक्षित रहेको बताएका थिए। उनीहरुले महामारी सुरु भएयतादेखि आफूहरुलाई घरमै हिंसा बढेको अनुभव सो अनुसन्धानका क्रममा सुनाएका थिए। उक्त अनुसन्धानले यो महामारीका समयमा भएका घरेलु हिंसाको यथोचित मात्रामा वास्तविकता बाहिर आउन नसकेको पनि देखाएको छ। घरेलु हिंसाका घटना अत्यन्त कममात्रै जानकारीमा आउने गरेको र अहिले झन् यो महामारीपछि त्यसमाथि सबैलाई घरभित्रै बस्नु भनेको समयमा यसको रिपोर्टिङ पनि अत्यन्त न्यून हुने गरेको उक्त अनुसन्धान रिपोर्टमा जनाइएको छ।

### बेलायतमा कोरोनाका कूल सङ्क्रमित संख्या करिब एक करोड

लन्डन, ९ मङ्सिर (रासस/सिन्ह्वा)।

बेलायतमा कोरोना भाइरस सङ्क्रमितको संख्या करिब एक करोड पुगेको छ। बुधबार एकै दिनमा ४३ हजार ६७६ सङ्क्रमित भएपछि कूल सङ्क्रमितको संख्या ९९ लाख ७४ हजार ८४३ पुगेको जनाइएको छ। यहाँका स्वास्थ्य अधिकारीले जनाएअनुसार अहिले दैनिक कम्तीमा पनि ४० हजार जनामा यो भाइरसको सङ्क्रमण भेटिने गरेको छ। यहाँ बुधबार ४३ हजार ६७६ जना थप व्यक्ति सङ्क्रमित भएका समाचारमा उल्लेख छ। बेलायतमा एक लाख ४४ हजार २८६ जना सक्रिय सङ्क्रमित रहेका छन्।बेलायतमा बुधबार मात्र १४९ सङ्क्रमणबाट मृत्यु भएको छ। योसँगै बेलायतमा अहिलेसम्म कोरोनाका कारण करिब एक लाख ४४ हजार २८६ जनाको मृत्यु भएको छ। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये आठ हजार जनाभन्दा बढी अझै पनि अस्पतालमै उपचाररत रहेका छन्। यहाँका १२ वर्षमाथिका झन्डै ८८ प्रतिशत मानिसले कोरोना भाइरसविरुद्धको खोपको पहिलो मात्रा लगाएका छन्। त्यसैगरी करिब ८० प्रतिशतले दुवै मात्रा खोप लगाएका पनि स्वास्थ्य मन्त्रालयलको तथ्याङ्कमा उल्लेख छ। २७ प्रतिशत भन्दा बढीले तेस्रो डोज खोप पनि लगाएको समाचारमा जनाइएको छ। पछिल्ला केही दिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको सरकारी अधिकारीले बताएका छन्। सरकारी प्रयासका बाबजुत यहाँ सङ्क्रमित हुनेको दरमा कमी नआएको स्वास्थ्य अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्।

### क्यानडामा १७ प्रतिशत बालबालिका गरिबीमा

ओटावा, मङ्सिर ९ (रासस-सिन्ह्वा)।

तेह्र लाख क्यानेडेली बालबालिकाहरू गरिबीमा बाँचिरहेको अभियान २००० नामक संस्थाले बुधबार जारी गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। यो संख्या कुल बालबालिकाको १७.७ प्रतिशत हो। प्रतिवेदनका अनुसार ती बच्चाहरूले आधारभूत आवश्यकताको परिपूर्ति समेत गर्न नपाएको जनाइएको छ। व्यवस्थित खानपान, सुकिला लुगाफाटो, पारिवारिक सन्तुलन, बाबुआमाको आम्दानी लगायतका शीर्षकका आधारमा उक्त अध्ययन-अनुसन्धान गरिएको थिए जसमा प्रायः सबै शीर्षकमा ती बालबालिकाको अवस्था दयनीय रहेको पाइएको छ। सन् २०१९ बाट उपलब्ध नवीनतम तथ्याङ्कहरू प्रयोग गरी गरिएको अध्ययन प्रतिवेदनले आम्दानी, स्वास्थ्य र सामाजिक असमानता र बालबालिका र पारिवारिक गरिबीको गहिरो स्तरको स्पष्ट चित्र चित्रण गरेको छ। क्यानाडामा सबैभन्दा उच्च बाल गरिबी दर नुनाभट क्षेत्रमा छ जहाँ ३४ प्रतिशतमा छ। त्यसैगरी मनिटोबा प्रान्तमा २८.४ प्रतिशत रहेको छ। उक्त प्रतिवेदनले क्यानाडा सरकारलाई बालबालिकाको सुरक्षाका लागि थप साहसिक र निर्णायक कदम चाल्न आग्रह गरेको छ। यो प्रतिवेदन भर्खरै उपलब्ध कर डाटामा आधारित छ।

# १६ दिने अभियान आरम्भ



**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

सप्तरीसहित देशभरि बिहीबारदेखी लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु भएको छ ।

'घरैबाट सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' भन्ने नाराका साथ राजविराजस्थित गजेन्द्र चोकमा अधिकारकर्मीहरूले साँझ मैनबत्ती प्रज्वलन गरी १६ दिने अभियान आरम्भ गरेका हुन् ।

बिहीबारबाट पछिल्लो समय हिंसाका घटनाहरूको अभिलेख बढेका कारण समाजमा जागरण ल्याउने उद्देश्यले १६ दिनसम्म विशेष अभियान सञ्चालन गर्न विभिन्न संस्थाहरूले संयुक्त रूपमा कार्यक्रम गर्न लागेका हुन् । प्रत्येक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सञ्चालन गर्ने गरिएको छ ।

# देउवा पक्षिय उम्मेदवार प्यानलसहित निर्विरोध

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

नेपाली काग्रेस सप्तरीको प्रादेशिक सभा क्षेत्रको बिहीबार सम्पन्न अधिवेशनमा क्षेत्र नं. ३ को क र ख मा देउवा पक्षिय उम्मेदवार प्यानलसहित निर्विरोध निर्वाचित भएका छन् ।

प्रादेशिक सभा क्षेत्र नं. ३ को क बाट प्रादेशिक क्षेत्रिय सभापतिमा ध्रुबकुमार मण्डल र ख बाट भागवतप्रसाद यादव प्यानलसहित निर्विरोध निर्वाचित भएको नेपाली काँग्रेस सप्तरीले जनाएको छ ।

काँग्रेसका जिल्ला सभापति दिनेश कुमार यादवको निर्वाचन क्षेत्र समेत रहेको सो क्षेत्रमा सर्वसम्मतीले निर्विरोध चयन सम्भव भएको पार्टीका प्रवक्ता प्रभातकुमार ललनले जानकारी दिए । अन्य क्षेत्रमा भने सहमति हुन नसक्दा बिहीबार निर्वाचन हुने तय भएको छ ।

यस क्रममा बुधबारै अन्य प्रादेशिक क्षेत्रमा संस्थापन र संस्थापन इतर पक्षले उम्मेदवारी दर्ता गराएका छन् । जिल्ला निर्वाचन अधिकारी डा. रुद्र नारायण शर्माका अनुसार प्रादेशिक सभा, क्षेत्र नं. १ को क बाट प्रादेशिक क्षेत्रिय सभापतिका लागि पर्शुराम चौधरी र कृष्ण ढकाल तथा ख बाट मुरली खिरहरी तथा उमेश मिश्रले उम्मेदवारी दर्ता गराएका छन् ।

यस्तै प्रादेशिक सभा क्षेत्र २ को प्रादेशिक क्षेत्रिय सभापतिका लागि सतिशचन्द्र झा (मदन) र श्याम यादव तथा ख बाट महेन्द्र यादव र एनेश्वर दासले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रादेशिक सभा क्षेत्र नं. ४ मा भने संस्थापन पक्ष र संस्थापन इतर पक्षबीच केही विवाद देखिएकाले हाल अधिवेशन हुन नसकेको र विवाद समाधान गरि छिटै अधिवेशन गर्ने तयारी भइरहेको नेपाली काँग्रेस सप्तरीले जनाएको छ ।

# शहीद प्रतिष्ठानमा चार सदस्य नियुक्त

जनकपुर, ९ मङ्सिर (रासस) ।

प्रदेश २ सरकारले मधेशी शहीद प्रतिष्ठान निर्देशक समितिमा चार सदस्य नियुक्त गरेको छ । विभिन्न आन्दोलनका क्रममा शहीद भएका परिवार तथा घाइते भएकाको हकहितका लागि प्रदेश २ सरकारले मधेशी शहीद प्रतिष्ठान निर्देशक समिति गठन गरेको हो ।

प्रदेश २ सरकारको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले प्रतिष्ठानमा विभिन्न आन्दोलनमा शहीद भएकाहरूका परिवारका सदस्यलाई समितिमा नियुक्त गरेको हो । प्रतिष्ठानले सर्लाहीका रामनरेशराय यादव, महोत्तरीकी सिम्पीकुमारी साह, सप्तरीकी कविताकुमारी ठाकुर र रौतहटका सुरेन्द्र जैसवाललाई नियुक्त गरेको जनाएको छ ।

नवनियुक्त सदस्यहरूलाई बिहीबारै प्रतिष्ठानका अध्यक्षसमेत रहनुभएका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरतप्रसाद साहले प्रमाणपत्र प्रदान गर्नुभयो । मधेशी शहीद प्रतिष्ठान निर्देशिका अनुसार प्रतिष्ठानमा ११ सदस्य रहने व्यवस्था छ । आन्तरिक मामिलामन्त्री अध्यक्ष, शहीद तथा घाइते परिवारबाट चार सदस्य तथा मुख्यमन्त्री कार्यालयलगायत ६ मन्त्रालयका सचिव सदस्य रहने व्यवस्था छ ।

प्रमाणपत्र प्रदान गर्नुहुँदै मन्त्री साहले शहीद र घाइतेलाई परिचयपत्र वितरण, घाइतेको उपचार र उनीहरूका छोराछोरीलाई छात्रवृत्तिको व्यवस्थालगायत काममा जुट्न सदस्यहरूलाई निर्देशन दिनुभयो ।

# सप्तरीका दुई स्थानिय तहले अझै बजेट पेश गरेनन्

**दैनिक समाचारदाता**
**राजविराज, ९ मंसिर ।**

प्रदेश २ का १ सय ३६ स्थानिय तह मध्ये २५ स्थानिय तहहरुले हालसम्म आफ्नो पालिकाको बजेट पेश गरेका छैनन् । जसमध्ये सप्तरीका दुई स्थानिय तह पनि छन् ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई समयमै बजेट ल्याउनका पटक-पटक परिपत्र गरेपनि उक्त पालिकाहरुले बजेट नल्याएको मन्त्रालयले जनाएको छ ।

बजेट प्रस्तुत नगर्नेहरुमा धनुषा जिल्लाका ६, रौतहटका ५, बाराका ४, सिरहा र पर्साका ३/३, सप्तरीका २, महोत्तरी र सर्लाहीका १/१ स्थानीय तह रहेका छन् ।

अषाढ १० गतेसम्ममै बजेट ल्याउनुपर्ने भएतापनी सप्तरीको छिन्नमस्ता गाउँपालिका र बलान विहुल गाउँपालिकाले मन्त्रालयको परिपत्रको बेवास्ता गर्दै बजेट नल्याएका हुन ।

बजेट पेश नगर्नेमा धनुषाको जनकपुर उपमहानगरपालिका, मिथिला विहारी नगरपालिका, हंसपुर नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, बटेश्वर गाउँपालिका र धनौजी गाउँपालिका रहेका छन् ।

यस्तै रौतहटको गरुडा नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवा विजयपुर नगरपालिका, बौधीमाई नगरपालिका, वृन्दावन नगरपालिका रहेका छन् भने बाराको सिम्रौनगढ नगरपालिका, आदर्श कोतवाल गाउँपालिका, पसौनी गाउँपालिका, विश्रामपुर गाउँपालिकाले पनि बजेट पेश गरेका छैनन् ।

त्यस्तै सिरहाको कल्याणपुर नगरपालिका, औरही गाउँपालिका र नरहा गाउँपालिका तथा पर्साको पोखरिया नगरापालिका, जगरनाथपुर गाउँपालिका, धोबीनी गाउँपालिकासँगै महोत्तरीको पिपरा र सर्लाहीको कौडैना गाउँपालिकाले पनि बजेट पेश गरेका छैनन् ।

## अनुगमन पूर्व...

घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत सन्तोष साहको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, उद्योग बाणिज्य संघका निवर्तमान अध्यक्ष अरुण प्रधान, पूर्व अध्यक्ष मनोज मुन्धडा, राष्ट्रिय उपभोक्ता मञ्चका महासचिव शत्रुघन देव, नागरिक संजालका अध्यक्ष सुखराम यादव, वडा अध्यक्ष जयनारायण मण्डल लगायतले पनि आ-आफ्नो धारणा राखेका थिए ।





अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन ?

- बाल विवाह
- अनमेल विवाह
- अनिच्छित विवाह
- बहु विवाह
- दाइजो विवाह
- दवाव विवाह

विचार गर्नुस,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानूनी अपराध हुन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*